# गाउँपालिका उपाध्यक्ष श्री उमा लुङ्गेली मगर शेर्पाज्यूबाट गौरीशंकर गाउँपालिकाको उन्नाईसौ गाउँ सभामा प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ का लागि बजेट वक्तव्य

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा
## बाग्मती प्रदेश, नेपाल
## २०८३

बजेट वक्तव्य

आर्थिक बर्ष २०८३।८४

सभामा प्रस्तुत मिति २०८३/३/०९

सभावाट स्वीकृत मिति :

गाँउसभाका आदरणीय सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

राष्ट्रसेवक कर्मचारी मित्रहरु,

पत्रकार एवं संचारकर्मीज्यूहरु

गौरीशंकर गाउँपालिकावासी सम्पूर्ण आमा वुवा दाजु भाइ दिदी वहिनीहरु

आज हामी यस गौरीशंकर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भईरहेका छौ । यसै अवसरमा यस सम्मानित गाँउसभामा उपस्थित रहनुहुने आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, कर्मचारी साथीहरु एवं पत्रकार तथा संचारकर्मी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । संघीयता कार्यान्वयन पछि सम्पन्न भएको दोश्रो स्थानीय तह सदस्य निर्वाचन पछिको चौथो वर्षमा हामी यो वजेट तथा कार्यक्रम प्रस्तुत गर्न

गईरहेका छौ । यसै गरी आजको यस महत्वपूर्ण घडीमा यहाँहरु सामु उभिएर गौरीशंकर गाउँपालिकाको भावी रुपरेखा कोरिएको वजेट प्रस्तुत गरि रहँदा उत्पिडनका विरुद्ध आफुलाई सदा अग्रगामी मोर्चामा आवद्ध गराएर देश र जनताका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यसै क्रममा घाइते भई उपचारत रहनु हुने सम्पूर्ण घाईते योद्धाहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता नागरिकहरु र उहाँहरुको परिवारजन प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

मेरो कार्यकालको दोस्रो तथा अन्तिम वर्षमा विधि र शासनको परिपालना गर्दै गाउँ सभा संचालनको निर्धारित समय सिमा भित्र नै गौरीशंकर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै खुशी लागेको छ । भिन्न भिन्न पृष्ठभूमिवाट एक ठाउँमा उभिन आइपुगेका हामीहरु जनताको सेवा सुविधा प्राप्ती र गौरीशंकर गाउँपालिकावासीहरुको विकास निर्माण र उज्वल भविस्यका लागि एक मतका साथ अगाडी वढ्नु पर्छ भन्ने मेरो भनाई रहदै आएको छ र यो भनाई यहाँ पुनः दोहोर्याउन चाहान्छु । सिद्धान्त र विचार फरक फरक हुन सक्छन तथापी सवैको लक्ष्य गाउँपालिकाको विकास र जनताको सुख सुविधामा केन्द्रित हुनु पर्दछ भन्ने हो । गौरीशंकर गाउँपालिकावासीको वृहत्तर विकासमा यहाँहरु सवैको साथ र सहयोगको अपेक्षा राख्दै अव म आगामी आ.व. २०८३।८४ को वजेट प्रस्तुत गर्नु

पूर्व चालु आर्थिक वर्ष २०८२।८३ मा भएका मुख्य मुख्य उपलव्धिहरुको वारेमा संक्षिप्त प्रकाश पार्ने अनुमति चाहन्छु ।

सभाका सभाध्यक्ष एवं सदस्यज्यूहरु।

क. आर्थिक वर्षको हालसम्ममा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १२ करोड १२ लाख अनुमान गरिएकोमा रु १० करोड ४४ लाख रुपैया प्राप्त भएको मध्ये ९ करोड ७३ लाख २६ हजार रुपैया खर्च भएको छ, भने संघीय राजस्व बाँडफाँटबाट रु ११ करोड ३९ लाख ५७ हजार रुपैया आय प्राप्त हुनु पर्नेमा आ.ब.को हालसम्ममा ७ करोड ६० लाख रुपैया मात्र प्राप्त भै ७ करोड २४ लाख ३३ हजार रुपैया खर्च भैसकेको छ ।

ख. कार्यलयगत रुपमा राजस्व संकलनलाई हेर्दा यस आर्थिक वर्षमा कुल ३३ लाख रुपैया राजस्व संकलनको अनुमान भएतापनि हाल सम्मको राजस्व संकलन रु ४३ लाख ११ हजार भईसकेको देखिन्छ जसमध्य गौरीशंकर गाउँपालिका कार्यालयको संकलन १६ लाख ४९ हजार ७९२ रुपैया छ भने वडा तर्फ सबैभन्दा धेरै राजस्व संकलन वडा नं ६ बाट रु ९ लाख ६ हजार ५० रुपैया रहेको छ । यस तदारुकताका लागी वडा नं ६ लाई हार्दिक बधाई तथा धन्यवाद समेत ज्ञापन गर्न चाहन्छु । यसै गरी अन्य वडाहरुको राजस्व संकलनलाई हेर्दा वडा नं १ बाट १ लाख ५८ हजार र वडा नं २ बाट १ लाख १८ हजार ९३४ रुपैया रहेको छ वडा नं ३ बाट १ लाख ६८ हजार वडा नं ४ बाट २ लाख २४ हजार, वडा नं ५ बाट २ लाख ७७ हजार वडा नं ७ बाट ३ लाख २६ हजार तथा वडा नं ८ बाट १ लाख ७९ हजार र वडा नं ९ बाट ३ लाख ६ हजार

रुपैया राजस्व संकलन भएको छ । यसै गरी गाउँपालिका द्वारा आह्वान ढुंगा गिट्टी बालुवाको आय ठेक्का बाट हालसम्म राजस्व संकलन रु १२ लाख २९ हजार ७९९ रुपैया भएको छ भने करिब १० लाख रुपैया सम्बन्धित निर्माण व्यवसायीहरुले तिर्नुपर्ने बक्यौता रहेको छ । यसरी तथ्यांकलाई हेर्दा यस आर्थिक वर्षको अन्त्य सम्ममा गौरीशंकर गाउँपालिकाले स्थानीय सरकार निर्माण भएपछिकै सबै भन्दा धेरै आन्तरिक राजस्व उठाउन सफल भएको वर्षको रुपमा यस वर्षलाई सम्झिन पाउने अवसर प्राप्त भएको छ । यस आर्थिक वर्षमा कुल अनुमानित राजस्व संलकन रु ३३ लाख मध्य असार मसान्त सम्मको तथ्यांकलाई हेर्ने हो भने अनुमानित रकमको करिब १८० प्रतिशत राजस्व संकलन हुने आधार तय भएको हुदाँ राजस्व परामर्श समितिको संयोजकको हैसियतले यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु तथा कर्मचारीहरुमा हार्दिक धन्यवाद समेत यसै अवसरमा ज्ञापन गर्न चाहन्छु र यसको निरन्तरताका लागी सबैको सहयोगको समेत अपेक्षा गर्न चाहन्छु ।

ख.चालु आर्थिक वर्ष २०८२।८३ को लागि संघीय सशर्त अनुदान तर्फ रु १९ करोड ६५ लाख आय भएकोमा रु. १६ करोड ८७ लाख ९८ हजार रुपैया यस अवधिमा खर्च भएको छ ।

ग.त्यसैगरी आर्थिक वर्ष २०८२।८३ को  हालसम्ममा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १ करोड १४ लाख ६४ हजार आय अनुमान गरिएकोमा हालसम्ममा रु. १ करोड १४ लाख ६४ हजार

आम्दानी भै १ करोड ४ लाख ६४ हजार खर्च भएको छ भने प्रदेश राजस्व बाँडफाँटबाट रु ४ करोड ४६ लाख १ हजार रुपैया अनुमान गरिएकोमा ३ करोड ३० लाख  रुपैया आय प्राप्त भई ३ करोड १९ लाख ३४ हजार रुपैया खर्च भएको छ ।

घ.संघीय समपुरक अनुदान शीर्षकमा रु ३ करोड १८ लाख अनुमान गरिएकोमा हालसम्म २ करोड ६८ लाख प्राप्त भएको तथा २ करोड ६६ लाख खर्च भएको छ । त्यसै गरी प्रदेश समपुरक अनुदान शीर्षकमा रु ३ करोड ९२ लाख आय अनुमान गरिएकोमा १ करोड १२ लाख ९५ हजार प्राप्त भै रु.१ करोड १० लाख  ९५ हजार रुपैया खर्च भएको छ ।

ङ.आर्थिक वर्ष २०८२।८३ मा प्रदेश सरकार शसर्त अनुदान तर्फ रु १ करोड ९० लाख ४७ हजार अनुमान गरिएकोमा रु १ आय भई हाल सम्ममा ९१ लाख ६ हजार  खर्च भईसकेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

च. चालु आर्थिक वर्षमा संघीय विशेष अनुदान तर्फ २ करोड अनुमान भएकोमा हालसम्ममा रु. ७५ लाख प्राप्त भै रु. ३१ लाख ७५ हजार रुपैया खर्च भएको छ ।

अव म  आर्थिक बर्ष २०८२।८३ मा  क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न अनुमति चाहन्छु ।

क.आर्थिक विकास क्षेत्र

आर्थिक विकास अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलश्रोत, पशुपन्छी विकास र भूमि व्यवस्थाका क्षेत्रमा  आर्थिक बर्ष २०८२।८३ मा रु. ३ करोड २२ लाख १० हजार विनियोजन गरिएकोमा हालसम्म रु. १ करोड ९९ लाख ६५ हजार रुपैया खर्च भएको छ । यो कूल विनियोजनको ६१.९८ प्रतिशत हुन आउँछ ।

पुर्वाधार विकास क्षेत्र :

ख. पुर्वाधार विकास क्षेत्र अन्तगतका उपक्षेत्रहरु सडक पूर्वाधार, भवन÷आवास तथा सहरी विकास, उर्जा, बिज्ञान तथा प्रविधिमा चालु आर्थिक बर्षका लागि रु १७ करोड ४८ लाख १० हजार रुपैया विनियोजन गरिएकोमा यस अवधिसम्ममा १० करोड २९ लाख रुपैया खर्च भएको छ । यो विनियोजनको ५८.९ प्रतिशत हो ।

सामाजिक विकास क्षेत्र

ग.सामाजिक विकास क्षेत्र अन्तर्गतका बिषयहरु जस्तै सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुदमा यस आर्थिक बर्षका लागि रु ३२ करोड ९ लाख ७८ हजार रुपैया अनुमान भएकोमा यस आ.ब.को हालसम्ममा रु. २५ करोड ५९ लाख ९३ हजार रुपैया मात्र खर्च भएको छ । यस क्षेत्रमा कुल आय अनुमानको ७९.५१ प्रतिशत रहेको छ ।

सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रः

घ.आर्थिक बर्ष २०८२।८३ मा सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा रु १ करोड २५ लाख अनुमानित गरिएकोमा चालु आ.व. २०८२।८३ को हालसम्ममा रु ८५ लाख ६९ हजार रुपैया खर्च भएको छ । यो कुल अनुमानको ६८.५५ प्रतिशत हुन आउँछ ।

ङ. आर्थिक बर्ष २०८२।८३ मा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु १५ करोड ७६ लाख ७० हजार अनुमानित गरिएकोमा आ.व. २०८२।८३ को हालसम्ममा रु ११ करोड ५७ लाख ३२ हजार खर्च भएको छ । यो कूल आय अनुमानको ७३.४ प्रतिशत हुन आउँछ ।

सभाध्यक्ष एवं सदस्यज्यूहरु

अव म आर्थिक बर्ष २०८३।८४ का लागि बजेट तथा बजेटका स्रोतहरुको अनुमान पेश गर्न अनुमती चाहन्छु

| क.सं. | आम्दानी विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान | २१९७०००००० | एक्काइस करोड सन्तानव्वे लाख |
| २ | संघीय समपुरक अनुदान | २१२००००० | दुइ करोड बाह् लाख |
| ३ | संघीय विशेष अनुदान | ० | |
| ४ | प्रदेश  सशर्त अनुदान | ११५०४००० | एक करोड पन्द् लाख चार हजार |
| ५ | प्रदेश समपुरक अनुदान | २८०००००० | दुइ करोड असी लाख |
| ६ | प्रदेश विशेष अनुदान | ७०००००० | सत्तरी लाख |
| ७ | वित्तिय समानिकरण अनुदान, नेपाल सरकार | १२२६००००० | बार करोड छव्वीस लाख |
| ८ | राजस्व बाडँफाँड, अन्तशुल्क नेपाल सरकार | ३५४९२००० | तिन करोड चउन्न लाख बयानव्वे हजार |
| ९ | राजस्व बाडँफाँड, नेपाल सरकार | ८२८१४००० | आठ करोड अठ्याइस लाख चौध हजार |
| १० | वित्तिय समानिकरण अनुदान, प्रदेश सरकार | १०४०६००० | एक करोड चार लाख छ हजार |
| ११ | सवारी साधन कर ( राजस्व बाडँफाँड ), प्रदेश सरकार | ४१७२२५०० | चार करोड सत्र लाख बाइस हजार पाच सय |
| १२ | आन्तरिक आम्दानी | ६०००००० | साठी लाख |
| १३ | अल्या | १०००००००० | एक करोड |
| जम्मा | | ५९६४३८५०० | उन्साठ्ठी करोड चौसठ्ठी लाख अठ्तीस हजार पाच सय |

आ.ब. २०८३।८४ को अनुमानित आय यस अनुसार रहेको छ ।

क. आर्थिक बर्ष २०८३।०८४ को अनुमानित कूल वजेट रु ५९ करोड, ६४ लाख ३८ हजार ५ सय रहेको छ । जसमा संघीय सरकार वित्तिय समानीकरण अनुदान रु १२ करोड २६ लाख, संघीय सरकार शर्सत अनुदान रु २१ करोड ९७ लाख रहेको छ भने संघीय समपुरक अनुदान तर्फ २ करोड १२ लाख रहेको छ । यसै गरी संघीय सरकार राजस्व बाँडफाँट रु ११ करोड ८३ लाख ६ हजार रहेको छ ।

ख.प्रदेश सरकार वित्तिय समानीकरण अनुदान रु १ करोड ४ लाख ६ हजार, प्रदेश सरकार शसर्त अनुदान रु १ करोड १५ लाख ४ हजार, र प्रदेश सरकार समपुरक अनुदान रु २ करोड ८० लाख, प्रदेश सरकार राजश्व बाँडफाड रु ४ करोड १७ लाख २२ हजार ५ सय प्राप्त हुने अनुमान गरेको छु ।

ग. गौरीशंकर गाउँपालिकाको आन्तरिक राजस्व तर्फ रु ४० लाख अनुमान गरेको छु । मौज्दात तर्फको १ करोड बाकी मौज्दात रहेकोमा यस सम्बन्धी विस्तृत विवरण भएको आर्थिक विधेयक यसै साथ संलग्न गरेको छु । माथि उल्लेखित आय अनुमान बाहेक रोजगार कार्यक्रममा प्राप्त हुने वजेट लघु उद्यम विकास कार्यक्रम, सामाजिक सुरक्षा भत्ता, सडक बोर्डबाट प्राप्तहुने वजेट तथा कार्यक्रम र अन्य निकायबाट थप प्राप्त हुने कार्यक्रमलाई बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष एवं सदस्यज्यूहरु

अव म आर्थिक बर्ष २०८३/८४ का लागि बजेट तथा कार्यक्रमहरुको अनुमान पेश गर्न अनुमती चाहन्छु ।

१. गत आर्थिक वर्ष भोर्ले देखि गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे गर्न शुरुवात गरिएकोमा यस आर्थिक वर्षमा गाउँपालिका तथा संघ सरकारको बजेट द्धारा ३ किलोमिटर कालोपत्रे सम्पन्न गरिएकोमा यस अर्थिक बर्षमा समेत कालोपत्रेको कामलाई निरन्तता दिनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१. गाउँपालिकाको प्रमुख आर्थिक सम्भावना रहेको पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै च्छो रोल्पा, गौरीशंकर बेसक्याम्प, दाल्डुङ लगायतका पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास, पदमार्ग सुधार तथा पर्यटन सेवा विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२. च्छो रोल्पा पदमार्गमा पर्यटकहरूको सुरक्षा, सूचना तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन पर्यटन चेकपोष्ट स्थापना तथा सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्था र पदमार्ग क्षेत्रको सरसफाइ तथा वातावरणीय सौन्दर्य कायम राख्न सरसफाइ स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

४. उच्च हिमाली क्षेत्रमा पर्यटक तथा स्थानीयवासीको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै हाई अल्टिच्युड मेडिसिन तथा प्राथमिक उपचार सेवाको निरन्तरताका लागि बजेट विनियोजन गरेको छु।

५. गाउँपालिकाको प्रमुख पदमार्गलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यले GIS आधारित पर्यटन तथा पदमार्ग नक्साङ्कन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

६. कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षालाई टेवा पुऱ्याउन खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तार तथा सम्भाव्यता अध्ययन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. "एक गाउँ एक सिंचाई पोखरी" अवधारणालाई कार्यान्वयन गर्दै वर्षाको पानी संकलन तथा जल पुनर्भरण कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

८. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनका लागि आवश्यक समन्वय, अध्ययन तथा कार्यान्वयन प्रक्रियामा सहयोग पुग्ने गरी बजेट व्यवस्था गरेको छु।

९. भूमि उपयोग नीतिको प्रभावकारी कार्यान्वयन तथा बाँझो जग्गाको उत्पादनमूलक उपयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेको छु।

१०. उपयोगविहीन सरकारी तथा सामुदायिक संरचनाहरूको संरक्षण, व्यवस्थापन तथा पुनःप्रयोग कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

११. जलवायु परिवर्तन तथा वातावरणीय जोखिम न्यूनीकरणका लागि स्थानीय अनुकूलन योजना कार्यान्वयन तथा जलवायु उत्थानशील कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१२. गाउँपालिकाभर सरसफाइ संस्कृतिको विकास गर्न "एक घर एक डस्टविन" अभियान, फोहोर व्यवस्थापन तालिम तथा सरसफाइ समिति गठन कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१३. विद्यालय तथा समुदायमा प्लास्टिक पुनःप्रयोग र वातावरण संरक्षणसम्बन्धी नवप्रवर्तन कार्यक्रम सञ्चालन तथा भएका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि बजेट विनियोजन गरेको छु। यसका लागी बाल क्लबलाई जिम्मेवार बनाउने गरी महिला तथा बालबालिका शाखा मार्फत बाल क्लब गठन तथा सञ्चालनका लागी आवश्यक बजेट

बिनियोजन गरेको छु । यसै गरी महिला दिदी बहिनीहरुका लागी सरकारी कार्यलयहरुमा सेवा लिन आउदाँ पर्न सक्ने आकस्मिक महिनावारी समस्याको सम्बोधन गर्ने उद्धेश्यले वडा कार्यलयहरु तथा स्वास्थ्य संस्थामा आकस्मिक स्यानिटरी प्याडको उपलब्धता हुने गरी बजेट बिनियोजन गरेको छु ।

१४. सामुदायिक वनसँगको सहकार्यमा "एक घर एक करेसाबारी" कार्यक्रम सञ्चालन तथा पोषणमैत्री घरपरिवार निर्माणका लागि पोषण शाखामार्फत आवश्यक स्रोत व्यवस्था गरेको छु।

१५. गौरीशंकर गाउँपालिकाका कृषि उत्पादन तथा वास्तविक कृषकहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यले सुरुवात गरिएको एक वडा एक उत्पादनमा आधारित अनुदान कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्दै वडा स्तरमा कृषि उपज उत्पादन तथा बजारीकरणका लागि बजेट विनियोजन गरेको छु।

१६. माटो परीक्षण, उर्वराशक्ति संरक्षण तथा माटो सुहाउँदो उत्पादन प्रणाली विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१७. सुन्तला, किवी, एभोकाडो, नासपाती लगायत उच्च मूल्यका फलफूल खेती विस्तार तथा व्यावसायीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. "गौरीशंकरको उत्पादन, हाम्रो गौरव" अभियानमार्फत स्थानीय उत्पादनको संरक्षण, ब्रान्डिङ तथा बजारीकरणका कार्यक्रम निरन्तरताका लागि बजेट विनियोजन गरेको छु।

२०. जैविक तथा विषादीमुक्त कृषि प्रणालीलाई प्रोत्साहन गर्न जैविक मल, प्राङ्गारिक खेती तथा एकीकृत बाली व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२१. कृषि यान्त्रीकरण विस्तार गर्दै आधुनिक कृषि उपकरण साझेदारी कार्यक्रम अन्तर्गत कृषि सामाग्री नपाउनु भएका कृषकहरुलाई सामाग्री साझेदारीमा अनुदान प्रदान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२२. कृषि तथा पशु बीमामा कृषकहरूको पहुँच विस्तार गरी जोखिम न्यूनीकरणका लागि आवश्यक स्रोत व्यवस्था गरेको छु।

२३. वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा बेरोजगार युवाहरूलाई कृषि उद्यममा आकर्षित गर्न साझेदारीमा अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

२४. दुग्ध उत्पादन वृद्धि, दुग्ध संकलन तथा चिस्यान व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२५. याक तथा चौंरी पालन व्यवसायको संरक्षण, उत्पादन विविधीकरण तथा व्यावसायीकरणका लागि बजेट विनियोजन गरेको छु।

२६. गाउँपालिकाको यातायात गुरुयोजना कार्यान्वयन, सम्पूर्ण सडकहरूको डिजिटल अभिलेखीकरण तथा व्यवस्थापन प्रणाली विकासका रणनीतिक सडक स्तरोन्नति तथा बाह्रै महिना सडक सञ्चालन सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२९. सेवा प्रवाहलाई थप सहज र नागरिकमैत्री बनाउन गाउँपालिकाका सेवा प्रदायक कार्यलयहरुमा प्रतीक्षालय, शौचालय, स्तनपान कक्ष, खानेपानी तथा इन्टरनेट पूर्वाधार क्रमिक विकासका लागि बजेट विनियोजन गरेको छु।

३०. स्थानीय पाठ्यक्रमलाई पाठ्यपुस्तकका रूपमा प्रकाशन तथा वितरण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३१. कक्षा ५ सम्म मात्र प्रदान हुदै आएको दिवा खाजा गाउँपालिकाको लगानीमा कक्षा ६ सम्म विस्तार गरी विद्यार्थीको पोषण तथा सिकाइ उपलब्धि सुधारका लागि बजेट विनियोजन गरेको छु।

३२. विद्यालयहरूमा रहेको कम्प्युटर ल्याबलाई डिजिटल पुस्तकालयमा रुपान्तरण गरि, कम्प्युटर पहुँच तथा आधुनिक सिकाइ सामग्रीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३३. विद्यार्थीहरूको भविष्य निर्माणमा सहयोग पुग्ने गरी करियर काउन्सेलिङ तथा मार्गदर्शन कार्यक्रम सञ्चालन निरन्तरताका लागि बजेट व्यवस्था गरेको छु।

३४. उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान र प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

३५. स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३६. कुपोषण न्यूनीकरण, सुनौलो हजार दिनका आमा तथा बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

३७. नसर्ने रोग, पाठेघरको मुखको क्यान्सर लगायतका रोगहरूको स्क्रिनिङ तथा जनचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३८. महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास, सम्मान तथा प्रोत्साहन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

३९. विद्यालय तथा समुदायमा सुरक्षित खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४०. गौरीशंकर रोजगार कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै स्थानीय रोजगारी सिर्जना गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

४१. रिटर्नी उद्यम योजना, एक वडा एक लघु उद्यम तथा स्टार्टअप कर्जा सहजीकरण कार्यक्रमका लागि रोजगार सेवा केन्द्र मार्फत आवश्यक बजेट व्यवस्था गरेको छु।

४२. युवाहरूलाई स्वरोजगार बनाउन सीप विकास तालिम, सीप परीक्षण तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

४३. सहकारी क्षेत्रको नियमन, कोपोमिस तालिम, वित्तीय साक्षरता तथा संस्थागत सुदृढीकरण तथा सहकारीमार्फत युवाहरूलाई सहुलियतपूर्ण ऋण पहुँच विस्तार गरी उत्पादनमुखी उद्यममा लगानी बढाउन आवश्यक बजेट विनियोजन गरेको छु। कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४४. समग्रमा प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सुशासन प्रवर्द्धन, सेवा प्रवाह सुधार तथा समृद्ध गौरीशंकर निर्माणको आधार तयार गर्न क्षेत्रगत प्राथमिकताअनुसार आवश्यक बजेट तथा स्रोत साधनको व्यवस्था गरेको छु।

सम्मानित सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,अब भने म शाखागत तथा क्षेत्रगत बजेट बिनियोजन सूचि पढेर सुनाउने अनुमति चाहन्छु ।

# बजेट बिनियोजन सम्बन्धी कार्यक्रमको सूचि पढ्ने

सम्मानित सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु अध्यक्षज्यूको अनुमतिले म प्रस्तावक राजस्व परामर्श समिति संयोजक उमा लुङ्गेली मगर शेर्पा, "बागमती प्रदेश गाउँ सभा सञ्चालन कार्यविधि ऐन २०७५, को दफा ३५ बमोजिम यस राजस्व संकलन तथा आर्थिक वर्ष २०८३।८४ को बिनियोजन ऐन अनुमोदन प्रस्ताव उपर छलफल गरियोस भनि यो प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव प्रस्तुतकर्ताः

श्री उमा लुङ्गेली मगर शेर्पा

संयोजक, राजस्व
परामर्श समिति तथा उपाध्यक्ष

गौरीशंकर गाउँपालिका
सुरी,दोलखा

# गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूबाट
# गौरीशंकर गाउँपालिकाको उन्नाईसौ गाउँ सभामा प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रमहरु

गौरीशंकर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा

बागमती प्रदेश, नेपाल

२०८३

गाउँपालिका उपाध्यक्ष ज्यू

गाउँ सभाका सदस्य ज्यूहरु,

नेपालको सबिधानमा निर्दिष्ट भए बमोजिम संघिय लोकतान्त्रक गणतन्त्रात्मक नेपालको तिन तहको सरकार सघं, प्रदेश र स्थानीय मध्य हाम्रो यस गौरीशंकर गाउंँपालिका स्थानीय सरकार संबिधानमा निर्देशित समय तालिकामा नै वार्षिक नीति तथा कार्यक्रम तथा वजेट प्रस्तुत गर्न चाहन्छ । हामो गाउँंपालिकाको उन्नाईसौ (१९) गाउँसभाको यो ऐतिहासिक र महत्वपर्ण अवसरमा विकास र समृद्धिको सपना बोकेर जनता प्रति समर्पित भई सहभागी हनुहुने यस सभाका सम्पूर्ण सदस्यज्यूहरु कर्मचारीहरु, आमाबुवा दिदीबहिनी दाजुभाई प्रति यस गरिमामय सभामा हार्दिक स्वारगत सहित अभिवादन गर्न चाहन्छु साथै आज हाम्रो यस १९ औ गाउँसभामा प्रस्तुत हुने वार्षिक नीति तथा कार्यक्रम पुर्ण रुपमा लागू गने प्रतिवद्धता पनि ब्यक्त गर्न चाहन्छु —

आज देश संघियताको कार्यान्वयनमा रहदै गर्दा तिन तहको सरकार मध्य दिनानुदिन जनताको घर दैलोमा हाजिर हुने सरकारको रुपमा स्थानीय सरकार संचालन भएको कुरा सर्वविदितै छ । यस परिवेशमा सरकार शासक होइन सेवक हो भन्ने वलियो आधार स्थानीय सरकारले प्रवाहित गरेको छ । जनताले प्रत्यक्ष निगरानी, नियन्त्रण र हस्तक्षेप गर्न पाउने गरी स्थानीय सरकारको अनुगमनको वातावरण वन्दै गएको छ । आजको यस परिवर्तनको मुख्य श्रेय ऐतिहासिक जनआन्दोलन तथा महान जनयुद्धलाई नै जान्छ । यस परिप्रेक्ष्यमा देश, संघियता, धर्म निरपेक्षता, समावेशी समानुपातिक प्रणाली सहित सवै प्रकारका उत्पीडनको अन्त्य र सामाजिक न्याय सहित नागरिकको सार्वभौम अधिकारको निम्ति विभिन्न संघर्षमा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण अमर शहिदहर प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाईते हुनुभएको योद्धाहरु प्रति शिघ्र स्वस्थयलाभको कामना गर्न चाहन्छु । मुलुकको आमुल परिवर्तनको नेतृत्व गर्नुहुने राजनीतिक नेतृत्व एवं आम जनसमुदाय प्रति गाउँसभा मार्फत हार्दिक आभार सहित सम्मान ब्यक्त गर्न चाहन्छु ।

स्थानीय सरकार संचालनको दोस्रो कार्यकाल एबं नवौ बर्ष पुरा भई दशौ वर्षमा प्रवेश गरेको यस महत्वपूर्ण घडिमा हामिले वार्षिक नीति कार्यकम तथा वजेट प्रस्तुत गर्नु संघियताको भावना र मर्म लाईं आत्मसाथ गर्नुं हो । नेपालको संघियता सहकारितामुलक भएकोले सहअस्तित्व, सहकार्य तथा समन्वयलाईं जोड दिदै राष्ट्रिय तथा प्रदेशिक सोच, लक्ष्य र मापदण्ड अनुरुप हाम्रो गाउँपालिका पनि आफ्नो सोच, लक्ष्य, मापदण्ड र नीति तर्जुमा गरी तालमेलका साथ अगाडी बढ्ने प्रतिवद्धता यस सम्मानित सभा मार्फत ब्यक्त गर्न चाहान्छु । स्थानीय सरकारले गर्ने शासन अन्तर्गत सुशासन गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुंच, पुर्वाधार निर्माण, समावेशीकरण लक्षित वर्ग र क्षेत्रको आर्थिक—सामाजिक सशक्तिकरण, सामाजिक परिचालन सहभागीता मुलक योजना तथा विकास, जीविकोपार्जन एवं रोजगारी, सामाजिक सुरक्षा, सुचना प्रविधिमा सहज पहुँच लगायत विषय भएकोले सहि र वस्तुवादी ढंगले प्रस्तुत नीति तथा कार्यक्रम कार्यन्वयनमा जोड गर्न चाहान्छु ।

हाम्रो पालिकाको सर्वाङ्गिण विकासको लागि हामी जनप्रतिनिधी एवं सम्पूर्ण कर्मचारी सक्रिय र स—हृदय पुर्वक अध्ययन गर्दै एकताबद्ध भएर लागी परिरहेको छौ । यद्यपी नतिजाले छलाङ मार्न नसकेको वास्तविकता हामी माझ नै छ । भौगोलीक हिसावले केन्द्रिय राजधानी र प्रदेशको केन्द्रवाट उत्तरी भागमा लाईफलाईन सगंको सम्पर्क अझै सहज चुस्त हुन सकेको छैन । ६८१ वर्ग किलोमिटरको विशाल भूगोलमा रहेको यस गाउँपालिकाको पहाडी भु—भागको कारण आवश्यक वित्तिय श्रोत र साधन परिचालन उच्च मात्रामा रहेको छ । लोपोन्मुख सुरेल, सिमान्तकृत शेर्पा तथा दलित वस्ती लगायत सवै जाती समुदायको रहेको बसोवास भएको कारण धर्म, संस्कृति, भेषभूषाको जगेर्ना गर्नु पर्ने आवश्यकता छ ।

हामी संग सम्भावना तथा अवसरहरु प्रशस्त हुदाँ हुँदै पनि ठूला साना चुनौती वेला वखत झेल्दै आउनु परेको यथार्थ हामी समक्ष रहेको छ, तथापी जनताको सेवामा जनमुखी काम गर्दा गर्दै आएको चुनौतीलाइ एउटा अवसरको रुपमा लिदै परिपक्वता पुर्वक गाउँपालिका परिवार अगाडी वढ्ने विश्वास दिलाउन चाहान्छु । हामीले आवश्यक ऐन कानुनको व्यवस्था, चुस्त दुरुस्त सांगठनिक संरचना, आवश्यक वित्तिय स्रोत र साधनको व्यवस्था पुरा गर्न अनुगमन र मूल्याङ्कन निरन्तर अभियानकै रुपमा गर्नु पर्ने यथार्थ पेश गर्न चाहन्छु । आ— आफ्नो विशेषता र इतिहास बोकेको हामो पालिकाको ९ वटै वडाहरु अत्यन्तै सुन्दर र उत्पादन मुलक रहेकोमा भविष्यमा एउटा सुन्दर नगरीको रुपमा देशी विदेशीको गन्तव्य बन्ने ठूलो सम्भाबना छ । लोक कल्याणकारी राज्यमा लोकतन्त्रको असल अभ्यास गर्दै राजनीतिक दलसंगको सम्बन्ध कायम राख्दै संविधानले परिकल्पना गरेको अनुरुप हामा नीति तथा कार्यक्रमहरु समाजबादको आधारशिला खडा गर्ने योजनामा केन्द्रित हुने कुरा यस सम्मानीत सभामा राख्न चाहान्छु । यी सम्पूर्ण परिप्रेक्ष्यमा आधारित रही अब म आगामी आर्थिक वर्ष २०८३/८४ का लागी नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका कानूनी आधारहरु का बारेमा संक्षिप्त व्यहोरा जानकारी गराउन चाहन्छु ।

१. नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२. नेपाल सरकारको विनियोजन ऐन, २०८३ का प्राथमिकताहरु

३. नेपाल सरकारको आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

४. बागमती प्रदेशको आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५. नेपाल सरकारको आर्थिक ऐन, २०८३

६. स्थानीय सरकार सञ्चालन ऐनका प्राबधानहरु

७. स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

८. विगत बर्षहरुमा गाउँ सभा र कार्यपालिकाबाट पारित निर्णयहरु

९. सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु

१०. स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय, सल्लाह र सुझाबहरु

११. लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु

१२. दिगो विकासका लक्ष्यहरु

१३. नेपालको १६ औं पञ्चबर्षीय योजना

१४. बागमती प्रदेशको दोस्रो आवधिक योजना

सम्मानित सभा सदस्यज्यूहरू , अब म यस गौरीशंकर गाउँपालिकाको आर्थिक बर्ष २०८१।८२ मा विकास निर्माण तथा सेवा प्रवाहको सन्दर्भमा गरेका मुख्य प्रयासहरुको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

गाउँसभा सदस्यज्यूहरु,

अब म आ.ब. २०८३/८४ को संक्षिप्त प्रगति समिक्षा पेश गर्न चाहन्छु ।

**पूर्वाधार तर्फ :**

१. आ.ब. २०८२।८३ को कुल बजेट रु ६९ करोड ८१ लाख ६८ करोड मध्य आजको दिन असार ९ गते सम्ममा कुल खर्च रु ४९ करोड ६७ लाख भएको छ । यस मध्य कुल चालु खर्च ८० प्रतिशत तथा कुल पुजिंगत खर्च ६० प्रतिशत भएको छ भने थप भुक्तानी हुदै गर्दा यस तथ्यांक अझै माथि पुग्नेछ ।

२. भौतिक पूर्वाधार अन्तरगत भोर्लेबाट गाउँपालिका जोड्ने सडक कालोपत्रे तथा ढलानको काम निरनत्रता दिईनेछ भनिएकोमा यस आर्थिक वर्षमा संघ सरकार सँगको साझेदारीमा १८०० मिटर कडक कालोपत्रे तथा संघ सरकारको एकल बजेटमा १२०० मिटर गरि कुल ३ किलोमिटर सडक कालोपत्रे भएको छ ।

३.चालु आ.ब. मा जम्मा २८१ योजना स्वीकृत भएकोमा हालसम्म ९४ प्रतिशत भौतिक प्रगति तथा ६० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

**स्वास्थ्य तर्फ :**

१. गाउँपालिकाको ३ वटा एम्बुलेन्स मार्फत गर्भवती, सुत्केरी र अपांगलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएकोमा सो सेवालाई यस वर्ष पनि निरन्तरता दिदै शव बाहनको सेवा समेत सुरुवात गरिएको छ ।

२.पाठेघरको मुखको क्यान्सर पहिचान शिविर HPV DNA प्रविधि द्धारा सञ्चालन गरी वडा नं ५ सम्म २४० महिलाहरुको स्वासथ्य जाँच गर्दा १३ जनाको परिक्षण रिपोर्ट पोजिटिभ देखिएकोमा थप उपचार तथा परामर्श प्रदान गरिएको ।

३.पर्यटकिय पदमार्ग छेतछेत च्छोरोल्पा पदमार्ग अन्तर्गत पर्ने सबै होटल तथा होमस्टेहरुमा पर्यटकहरुलाई आईपर्न सक्ने स्वास्थ्य समस्याको प्राथमिक उपचारको लागी अत्यावश्यक औषधी तथा सामाग्रीहरु सहितको गौरीशंकर First Aid kit प्रदान गरिएको छ ।

४.जिल्लाकै नमुना स्वास्थ्य संस्था हुन सफल जुगुँ स्वास्थ्य चौकीमा प्रदेश सरकार सँगको सहकार्यमा ल्याब सेवा बिस्तार गरि सो सम्बन्धी प्राविधिक जनशक्ति पदपूर्ति गरी सेवा बिस्तार गरिएको ।

५.स्वास्थ्य सेवालाई थप गुणस्तरिय तथा प्रभावकारी बनाउन संघिय सरकारको अनुदानमा पुननिर्माण भएको स्वास्थ्य संस्था भवनलाई सुचारु गरी दुई नया भवनहरुबाट सेवा प्रदान सुरु गरिएको ।

**कृषि तथा पशु सेवा तर्फः**

१.भौगोलिक विकटतालाई ध्यानमा राखि सबै वडाहरुमा पुग्ने गरि एकिकृत शिविर तथा घुम्ति तालिमको आयोजना गरी कृषकहरुलाई सेवा प्रदान गरिएको ।

२.प्रदेश सरकार सँगको सहकार्यमा तथा गाउँपालिकाको लगानिमा गाउँपालिका कार्यालय तथा वडा नं १ को कार्यलयमा पशु जाँच क्लिनिकको सुरुवात गरि पशु चौपायाहको मलमुत्र तथा अन्य रोग जाँच सेवा सुरुवाता गरिएको ।

३.स्थानिय उत्पादन प्रबर्धन अन्तर्गत अघिल्लो आ.ब. मै सुरुवात गरिएको कोदोको घरेलु मदिरा ब्रान्डिङलाई थप बिस्तार गरि नयाँ प्रविधिको बिस्तारमा ५० प्रतिशत साझेदारी प्रदान गरिएको । मदिराको ब्रान्डिङ तथा प्याकेजिङमा अनुदान प्रदान निरन्तर गरिएको ।

४.रैथाने कृषिको प्रबर्धनका लागी बृहत वडा स्तरिय रैथाने बाली प्रदर्शनी गरि गाउँपालिका भित्रका रैथाने बाली तथा बस्तुहरुको प्रबर्धन गरिएको ।

५.बाझो जग्गालाई व्यवस्थापन गरि नगदे बाली प्रबर्धन कार्यक्रम अन्तर्गत वडा नं ८ र ५ मा ५० रोपनि भन्दा बढी जग्गामा गाउँपालिका द्धारा जग्गा भाडा एव कृषि गर्नेलाई ५० प्रतिशत अनुदानमा खेति प्रबर्धन सुरुवात गरिएको ।

विभिन्न प्रकारका कृषक क्षमता विकास तालिको आयोजना गरि कृषकहरुको क्षमता विकासमा जोड दिईएको । गाउँपालिका द्वारा ४० भन्दा बढी आधुनिक कृषि सामाग्री कृषकसँगको ५० प्रतिशत साझेदारीमा वितरण गरिएको ।

**शिक्षा तर्फ :**

१.शिक्षक र विध्यार्थीहरु लक्षित विभिन्न क्षमता विकासका कार्यक्रम जस्तै बक्तृत्व कला,हाजिरि जवाफ, करियर काउन्सेलिङ, विध्यालय लेखा तालिम तथा अन्य कार्यक्रम गरि विध्यार्थी तथा शिक्षकहरुको क्षमता विकास गरिएको।

२.बाल बिकास कक्षाहरुको सुदृढतालाई मध्यनजर गर्दै थप १० विध्यालयहरुमा :नी कक्षा प्रणाली लागु गरी विध्यार्थीहरुलाई विध्यार्थी मैत्री कक्षा सञ्चालनमा जोड प्रदान गरिएको ।

३.कक्षा ८ र कक्षा १० को वार्षिक परिक्षामा लगातार शैक्षिक सिकाईमा अभिबृद्धि हासिल गरिएको । कक्षा ८ मा विषयमा उतिर्ण हुन नसकेका विध्यार्थीहरुलाई १ महिने विशेष कक्षा गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालन गरी पुन मौका परिक्षा सञ्चालन गरि सबैलाई उतिर्ण हुन सक्ने वातावरण निर्माण गरिएको ।एसईई परिक्षा तयारी विशेष कक्षाको लागी विध्यार्थीलाई निशुल्क गरी शिक्षक हरुलाई गाउँपालिका द्वारा प्रोत्साहन रकम प्रदान गरी कक्षा सञ्चालन गरिएको ।

४.सबै माध्यमिक तथा आधारभूत विध्यालयहरुमा सञ्चालन खर्च थप तथा ईन्टरनेट खर्च थप गरिएको । सबै माध्यमिक तथा आधारभूत विध्यालयहरुमा ल्यापटप तथा प्रिन्टरको पूर्ण व्यवस्था गरिएको ।

५.अघिल्लो आ.ब.मा निर्माण भएको स्थानिय पाठ्यक्रम अनुसार स्थानिय पाठ्यपुस्तक निर्माण अन्तिम चरणमा पुर्याईएको । स्थानिय पाठ्यपुस्तक निर्माण गरी सोबाट स्थानिय विषय अध्यापन गराई विध्यार्थीहरुलाई स्थानिय परिवेश र वातावरणमा अभ्यस्त तथा जानकार बनाउन प्रयत्न गरिएको ।

६.गरिब तथा जेहेन्दार विभिन्न क्षेत्रमा अध्ययनरत १७ विध्यार्थीहरुलाई प्राविधिक छात्रवृत्ति प्रदान गरिएको । एसईईमा जिल्लामै सर्वोत्कृष्ट जिपिए ल्याउने विध्यार्थी भाईलाई नगद पुरस्कार तथा शैक्षिक उन्नयनका लागी ल्यापटप प्रदान गरीएको ।

**महिला विकास तर्फ :**

१. महिलाहरुको बजेट तथा कार्यक्रम एव अनुदानका कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिताको लागी प्रस्ताव लेखा एव कार्यक्रम सञ्चालन सम्बन्धि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।

२. सिपमूलक तालिम सञ्चालनको उद्धेश्यले विभिन्न सिलाई कटाई तालिम, परम्परागत पोशाक किटिल बुन्ने तालिम तथा अचार बनाउने तालिम सँगै विभिन्न कृषि तथा पशु विकास सँग सम्बन्धित तालिमहरु सञ्चालन गरि महिलाहरुलाई आत्मनिर्भर बनाउन प्रयास गरिएको ।

३. विभिन्न वडाहरुमा रहनु भएका ज्येष्ठ नागरिकहरुलाई लक्षित गरि प्रौढ साक्षरता कक्षा सञ्चालन गरिएको ।

४. विभिन्न बालबालिका लक्षित क्षमता विकास जस्तै बालविवाह न्यूनिकरण लक्षित,लैङ्गिक हिंसा लक्षित तथा अन्य सामाजिक विषयमा लक्षित प्रशिक्षण कक्षाहरु सञ्चालन गरिएको ।

गाउँसभा सदस्यज्यूहरु,

अब भने म आ.व.२०८३/८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पर्यटन**

१. च्छो रोल्पा, गौरीशंकर बेसक्याम्प, दाल्डुङ लगायतका उत्तरी क्षेत्रको पर्यटन विकास गर्दै सो क्षेत्रमा पदयात्रा गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको सहजताको लागी छ्योतछ्योतमा पर्यटन चेकपोष्टको निर्माण गरिने छ ।
२. छ्योत छ्योत देखी च्छो रोल्पा सम्मको पदमार्ग सफा राख्नको लागी सरसफाई स्वयंसेवक ब्यवस्था गरिनेछ ।
३. हाई अल्टिच्युड मेडिसिन वितरण तथा प्राथमिक उपचारको व्यवस्थापनलाई निरन्तरता दिइने छ
४. पर्यटकिय क्षेत्रमा पर्यटन सूचना बोर्डको व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ ।
५. च्छो रोल्पादेखी दुधकुण्ड जाने पर्यटन मार्ग निर्माण कार्यलाई प्रथामिकतामा राखी क्रियाकलाप संचालन गर्ने नीति लिइने छ ।
६. बृहत ध्यान केन्द्र सहितको माउन्टेन म्युजियम निर्माण प्रक्रियाको शुरु गरिनेछ ।
७. गाउँपालिका भित्रको भौगोलिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय विषेशताहरु झल्कीने गरी गाउँपालिका गान तयार गरिनेछ ।
८. गाउँपालिकाको प्रमुख पदमार्ग छेतछेत च्छोरोल्पा पदमार्गलाई आधुनिक, वैज्ञानिक तथा प्रविधिमैत्री बनाउन भौगोलिक सूचना प्रणाली (जीआईएस) मा आधारित पूर्वाधार नक्साङ्कन गरिनेछ।

**सिंचाई**

१. खेतीयोग्य जमिनमा पुर्ण सिंचाईको व्यवस्थापनको सम्भाव्यता अध्ययन गरी विशेष कार्यक्रम मार्फत ति जमिनहरुमा सिंचाईको व्यवस्था गर्ने वातावरण मिलाईनेछ।

२. बर्षाको पानी संकलन गरी पुनःभरण रिचार्ज गर्ने तथा सिंचाईको पुर्ण उपयोगको लागी एक गाँउ एक सिंचाई पोखरी निर्माण गर्ने नीति लिइने छ ।

**भवन तथा सहरी विकास**

१.भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नको लागी भुमीको उपलब्धताको लागी नेपाल सरकार, बागमती प्रदेश सरकार तथ अन्य सरोकारवाला निकायहरुसंग पहल र समन्वय गरी कार्यान्वयनका लागी पहल गरिने छ ।

२. भु उपयोग नीति अनुसार बर्गिकरण भएका जमिनलाई सोहिअनुसार उपयोग गर्नको लागी जोड दिने नीति लिइने छ ।

३. प्रयोग विहिन रहेको बाँझो जग्गालाई स्थानिय सरकारले भाडामा लिई सामुहिक खेती गर्ने गाउँपालिकाको नीतिलाई निरन्तरता दिइएको छ ।

४. गाँउपालिका भित्र प्रयोगविहिन अवश्थामा रहेको सरकारी तथा सामुदायीक भवन तथा संरचनाहरुको सदुपयोगका लागी आवश्यक रणनीति बनाई कार्यान्वयनमा ल्याइने छ ।

५. विकास कार्यक्रमहरुमा सरकार सार्वजानिक निजी साझेदारी ९एएए० को नीति अबलम्बन गरिने छ

**उर्जा, बन, बातावरण तथा सरसफाई**

१. यस गाउँपालिका जलविद्युतको हव रहेकोले जलविद्युतको प्रयोगलाई विषेश जोड दिइने छ । विद्युतिय चुल्हो तथा उपकरण प्रयोगमा प्रोत्साहन दिइनेछ ।

२. स्थानिय अनुकुलन योजना LAPA लाई कार्यान्वयन गर्दै स्थानिय विपद जोखिम तथा जलबायु उन्यानसिल योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

३. फोहोर व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्थापन गरिने छ ।प्रत्येक टोलमा सरसफाई समितिको निर्माण गरी “एक घर एक स्थानिय समाग्रीबाट स्थानिय स्तरमा नै निर्माण भएका डस्टविन राख्ने अभियान” शुरु गरिने छ । गाउँपालिका द्धारा सञ्चालन गरिएको बेकार बाट आविष्कार सम्बन्धी प्लाष्टिक पुनप्रयोग कार्यक्रमलाई निरन्तरता दिई विध्यालयहरुमा सञ्चालन गरिनेछ । सफा विद्यालय, सफा ग्रामिण सडक, सफा पदमार्ग र सफा टोलको अवधारणा विकास गरी उत्कृष्ट हुन टोल तथा विद्यालयलाई पुरस्कृत गरिने छ ।

६. सामुदायीक बन संग साझेदारी गरी “एक घर एक करेसाबारी कार्यक्रम” कार्यान्वयनमा ल्याइने छ ।

## कृषी तथा पशु विकास

१. किसान संग गौरीशंकर कार्यक्रम शुरु गरिने छ । जस अन्तरगत किसानले उत्पादन गरेको हरेक उत्पादनलाई वडा स्तरमा संकलन केन्द्रको स्थापना गरी बजार सम्म लैजाने र विक्रि वितरण गर्न सहजिकरण गर्ने बातावरण बनाइने छ ।

२. खेतीयोग्य जमिनको माटो परिक्षण अभियान चलाइने छ र माटो सुहाउदो बहुबर्षे खेती लाई विषेश प्रोत्सहान गरिने छ ।

३. कृषी क्षेत्रलाई थप व्यवस्थित गर्नको लागी सुन्तला, एभोकाडो, नास्पती, हलुवाबेद, किवी जस्ता फलफुलका विरुवा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । गौरीशंकर गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउनको लागी उन्नत जातका विउका बोका वितरण कार्यलाई निरन्तरता दिइने छ ।

४. गाउँपालिकाका प्रत्येक वडाको भौगोलिक अवस्था, माटोको गुणस्तर, हावापानी तथा बजारको सम्भावनाका आधारमा कम्तीमा एक प्रमुख उत्पादनको पहिचान गरी सो उत्पादनलाई उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ ।

५. "गौरीशंकरको उत्पादन, हाम्रो गौरव" भन्ने अभियान सञ्चालन गरी गाउँपालिकामा उत्पादन हुने आलु, सुन्तला, जडीबुटी,किवी तथा अन्य रैथाने उत्पादनहरूको संरक्षण, प्रवर्द्धन तथा बजारीकरण गरिनेछ।

६. गाउँपालिकालाई क्रमशः विषादीमुक्त तथा जैविक कृषि क्षेत्रको रूपमा विकास गरिनेछ। रासायनिक विषादी तथा अत्यधिक रासायनिक मलको प्रयोग न्यूनीकरण गर्दै जैविक मल, प्राङ्गारिक खेती तथा एकीकृत बाली व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।

७. गाउँपालिकाभित्र रहेका बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनको अभिलेख तयार गरी सामूहिक खेती तथा व्यावसायिक कृषि कार्यक्रम सञ्चालनलाई यस वर्ष पनि निरन्तरता गर्दै थप परिष्कृत गर्दै लगिनेछ ।

८. कृषि उत्पादनको लागत घटाउन तथा उत्पादन वृद्धि गर्न आधुनिक कृषि उपकरणको प्रयोगलाई प्राथमिकता दिइनेछ। ट्र्याक्टर, मिनी टिलर, थ्रेसर, रिपर, घाँस काट्ने मेसिन, स्प्रेयर, मकै छोडाउने मेसिन लगायतका उपकरणहरू साझेदारीमा उपलब्ध गराइनेछ।

९. प्रत्येक वडामा नियमित माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। माटो परीक्षणको प्रतिवेदनका आधारमा आवश्यक बाली, मल तथा पोषण व्यवस्थापन सम्बन्धी परामर्श प्रदान गरिनेछ। माटोको उर्वराशक्ति संरक्षणका लागि जैविक पदार्थको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०. प्राकृतिक विपद्, रोग तथा अन्य जोखिमबाट कृषकलाई संरक्षण गर्न कृषि तथा पशु बीमा कार्यक्रममा कृषकको पहुँच विस्तार गरिनेछ।

११. वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा स्थानीय बेरोजगार युवाहरूलाई कृषि उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्ने गरी रोजगार शाखा सँगको साझेदारीमा ५० प्रतिशत अनुदानमा व्यवसाय सञ्चालन

अनुदान प्रदान गरिनेछ । नवीन कृषि व्यवसाय सञ्चालन गर्ने युवाहरूलाई व्यवसाय योजना तयार गर्न, तालिम लिन तथा प्रारम्भिक लगानी व्यवस्थापनमा सहयोग गरिनेछ।

१२. गाउँपालिकाभित्र रहेका सबै कुकुर तथा बिरालोलाई नियमित रेबिजविरुद्ध खोप लगाई आगामी केही वर्षभित्र गाउँपालिकालाई रेबिजमुक्त घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ।

१३. दुग्ध उत्पादन वृद्धि गर्न उन्नत गाई तथा भैंसी पालनलाई प्रोत्साहन गरिनेछ। दुग्ध संकलन केन्द्र स्थापना तथा चिस्यान व्यवस्थापनमा सहयोग गरिनेछ।

१४. रोल्वालिङ क्षेत्रको मौलिक पहिचानको रूपमा रहेका याक तथा चौंरी पालन व्यवसायको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। चौंरीको दूध, चिज, घ्यू तथा अन्य उत्पादनलाई व्यावसायिक रूपमा विकास गरिनेछ।

१५. पशुपालनलाई दिगो बनाउन सामुदायिक तथा निजी जग्गामा उच्च उत्पादन दिने घाँसेबाली विस्तार गरिनेछ। घाँसको बीउ उत्पादन तथा नर्सरी विकास गरिनेछ।

१६. उत्कृष्ट कृषक, उत्कृष्ट पशुपालक, उत्कृष्ट कृषक समूह, उत्कृष्ट कृषि सहकारी तथा उत्कृष्ट कृषि उद्यमीलाई सम्मान तथा पुरस्कार कार्यक्रम सञ्चालन गरि प्रोत्साहन गरिनेछ।

१७. जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने प्रभाव न्यूनीकरण गर्न खडेरी सहन सक्ने बाली, पानी बचत गर्ने प्रविधि तथा बहुउद्देश्यीय कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१८. कृषी क्षेत्रमा निजी क्षेत्र तथा हाइड्रोपावर कम्पनी लगायतले गर्ने साझेदारी पनी गाउँपालिकाको कार्यक्रममा गाभिने नीति ल्याइने छ ।

**<u>पुर्वाधार</u>**

१. गाउँपालिकाको यातायात गरुयोजना Rural Municipal Transport, Master Plan (RMTMP) अध्यावधिक गरी सडकहरुको प्राथमिकिकरण र उन्यानशील यातायात प्रणालीको विकास गरिने छ ।

२. वातावरणमैत्री सडक बनाउनको लागी सडकको दाँया बाँया उत्पादनमुखी रुख रोप्ने कार्य गरिनेछ ।

३. गोरेटोबाटो निर्माण तथा मर्मत संभारमा स्थानियबासीको सहभागीता अभिबृद्धी गर्न विशेष कार्यक्रम ल्याइने छ । जनप्रतिनिधी, कर्मचारी, शिक्षक तथा स्थानियको संयुक्त सहभागीतामा श्रमदान कार्यक्रम ल्याइने छ ।

४. गाउँपालिकाभित्र रहेका सबै रणनीतिक सडकहरूको प्राथमिकता निर्धारण गरी चरणबद्ध रूपमा स्तरोन्नति गरिनेछ। यातायातलाई बाह्रै महिना सञ्चालनलाई प्राथमिकता दिइनेछ।

५. गाउँपालिकाको केन्द्रलाई सबै वडा कार्यालयहरूसँग सुरक्षित, सहज तथा दिगो सडक सञ्जालमार्फत जोड्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. सडक कटानका कारण हुने पहिरो नियन्त्रण गर्न जैविक प्रविधिमा आधारित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सडकहरूको डिजिटल अभिलेख अपडेट गरी एक विस्तृत प्रणाली तयार गरिनेछ। प्रत्येक सडकको लम्बाइ, चौडाइ, अवस्था, निर्माण वर्ष, लागत तथा मर्मत सम्भारको विवरण डिजिटल प्रणालीमा राखिनेछ।

८. प्रयोग विहिन भएका विभिन्न गाउँपालिका अन्तर्गतका सार्वजनिक संरचनाहरुलाई सामाजिक कार्य र उद्धेश्यका लागी प्रयोग गर्न कार्यक्रम अघि बढाईनेछ ।

९. जोखिमयुक्त बस्तीहरूको भूगर्भीय अध्ययन गरी दीर्घकालीन समाधानका योजना तयार गरिनेछन्।

१०. सेवा प्रवाह हुने सबै कार्यालयहरूमा प्रतीक्षालय, शौचालय, स्तनपान कक्ष, खानेपानी तथा इन्टरनेट सेवा उपलब्धतालाई ध्यानमा राखि क्रमश रुपमा सो पूर्वाधारहरु निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. निर्माण सामग्रीको प्रयोगशाला परीक्षणलाई थप प्रभावकारी बनाउदै गुणस्तर मापन परिक्षणलाई अनिवार्य भुक्तानीको सूचकमा समावेश गरिनेछ ।

## शिक्षा

१. कक्षा १ देखी ८ सम्मको स्थानिय पाठ्यक्रमलाई पाठ्यपुस्तकमा प्रकाशन गरी विद्यार्थीहरुलाई प्रदान गरिने छ ।

२. निवृतीभरण पाउन योग्य भएका र अनिवार्य अवकास हुन बढीमा २—३ बर्ष बाँकी रहेका शिक्षकले स्वच्छीक राजिनामा गरेमा निजलाई कम्तीमा ३ महिनाको आधारभूत तलब बराबरको रकम प्रोत्सहान भत्ताको रुपमा उपलब्ध गराइने छ ।

३. हालसम्म कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रदान गरिरहेका दिवा खाजा आगामी आर्थिक बर्ष देखी कक्षा ६ मा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई पनि उपलब्ध गराइने छ ।

४. आवश्यक्ताको आधारमा विद्यालयहरुको समायोजन कार्यलाई निरन्तरता दिइने छ ।

५. आवश्यक्ताको आधारमा थप नयाँ बालविकास केन्द्रको स्थापना गरिने छ ।

६. विद्यालय र घरमा शैक्षिम वातावरण निर्माण गर्नको लागी “अभिभावकसंग अध्यक्ष कार्यक्रम” र विद्यार्थीहरुलाई शैक्षिक क्रियाकलापमा थप टेवा दिनको लागी “विद्यार्थीसंग अध्यक्ष कार्यक्रम” संचालन गरिने छ ।

७. विद्यार्थीहरूको भविष्यको अध्ययन, पेशा तथा व्यवसाय छनोटमा सहजीकरण गर्न करियर परामर्श तथा मार्गदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

८. विद्यार्थी तथा शिक्षकहरूलाई गुणस्तरीय शैक्षिक सामग्रीमा सहज पहुँच सुनिश्चित गर्न विध्यालय स्थित कम्प्युटर ल्याबलाई डिजिटल पुस्तकालयको रुपमा बिस्तार गरि स्थापना तथा विस्तार गरिनेछ।

९. १४. उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था लाई निरन्तरता दिईनेछ।

१०. १६. विद्यालय तहदेखि नै अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता संस्कृतिको विकास गर्न आवासिय विध्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरिनेछ ।

११. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको विद्यालय पहुँच तथा निरन्तरता सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## स्वास्थ्य तथा पोषण

१. ६० बर्ष पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्सहान स्वरुप रु २०,००० (अक्षरुपी रुपैया विस हजार मात्र) प्रदान गरिने छ ।

२. स्वास्थ्य सेवालाई प्रभावकारी र पहुँचमुखी बनाउनको लागी सामुदायीक स्वास्थ्य इकाईको स्थापना तथा संचालनको कार्यलाई निरन्तरता दिइने छ ।

३. खोप, पोषण तथा बाल स्वास्थ्य कार्यक्रमलाई थप सुदृढ गर्दै कुपोषण न्यूनीकरणमा विशेष जोड दिइनेछ। बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत बालबालिका तथा सुनौलो हजार दिनका आमाहरु केन्द्रित विभिन्न क्षमता विकास तालिमहरु, अनुदानका कार्यक्रमहरु तथा अन्य प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत) को नियमित स्क्रिनिङ तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।महिलाहरुमा देखा पर्ने पाठेघरको मुखको क्यान्सर लगायत अन्य घातक रोगहरुको समुदायगत स्क्रिनिङ कार्यक्रम राखि आवश्यक उपचार तथा सिफारिस गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरूका लागि लक्षित स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

७. स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको पहुँच तथा सहभागिता अभिवृद्धि गरिनेछ।पर्यटन तथपदमार्ग क्षेत्रहरूमा प्राथमिक उपचार तथा उद्धार व्यवस्थालाई सुदृढ गरिनेछ।

८. स्वस्थ खानेपानी तथा सरसफाईलाई केन्द्रविन्दुमा राख्दै विध्याहरुमा स्वस्थ खानेपानी परियोजना एव सरसफाईका लागी आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने गरी कार्यक्रम अघि बढाईनेछ।

## रोजगार, सीप तथा उद्यमशीलता केन्द्र

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप योगदान पुग्ने गरी संचालन गरिएको गौरीशंकर रोजगार कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२.नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुरु गरेको आन्तरिक रोजगारी प्रवद्र्धनका लागी बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवद्र्धन कार्यक्रम शुरु गर्नको लागी "रिटर्नी उद्यम योजना" कार्यक्रम शुरु गरिनेछ । गाउँपालिकाका ९ वटै वडाका विदेशबाट फर्किएका युवाहरूको साझेदारीमा रोजगारी र स्वरोजगारी संग जोड्नको लागी एक वडा एक लघु उद्यम रिटर्नी उद्यम योजना मार्फत उत्कृष्ट उद्योग स्थापनाको लागी प्रस्तावना पत्र पेश गर्ने उद्यमीलाई स्टार्ट अप कर्जाको व्यवस्थापनको लागी आवश्यक व्यवस्था गरिनेछ ।

३. राष्ट्रिय रोजगार कार्यक्र मार्फत युवाहरूलाई गाउँपालिकामा उद्यम दर्ता गराउने र कार्य प्रगतिका आधारमा किस्ताबन्दीमा बिउ पुँजी र प्रविधि हस्तान्तरण गर्ने तथा व्यवसाय सञ्चालनको नियमित अनुगमन गर्ने । उत्पादित वस्तुहरूलाई गाउँपालिकाको सङ्कलन केन्द्रमार्फत चरिकोट, काठमाडौं लगायतका ठुला बजारहरूसँग जोड्ने नीति अवलम्बन गर्नुका साथै सो सम्बन्धी थप कार्यक्रम संचालन गरिने छ ।

४. यस गाँउपालिकाभित्र संचालनमा रहेका विभिन्न निजी लगानीका श्रेत्रहरु, हाइड्रोपावर कम्पनी, तथा वडा कार्यलयहरु संग समन्वय गरी अधिकतम रुपमा रोजगारीको अवसर सृजना गर्ने वातावरणको निर्माण गरिने छ ।

५. गाउँपालिका भित्रका युवाहरुलाई स्वरोजगार बनाउनको लागी राष्ट्रिय रोजगार कार्यक्रम मार्फत सीप विकास तालिम संचालन गर्नुको साथै सीप परिक्षणको समेत व्यवस्था मिलाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

**<u>सहकारी</u>**

१. सहकारी नियमन, दर्ता तथा खारेजी , रिन असुली, नविकरण जस्ता विषयलाई कानुनी दायरमा ल्याउनको लागी बनेको गौरीशंकर गाउँपालिकाको सहकारी सम्बन्धी नियमावली निर्माण गरी आगामी आ.व. को साउन महिनादेखी लागु गर्ने व्यवस्था मिलाईनेछ ।

२. समस्याग्रस्त तथा दर्ता भई लामो समयदेखी संचालन विवादमा रहेका सहकारीहरुको पहिचान गरी तिनिहरुको कानुनी प्रक्रिया बमोजिम सुधार, एकिकरण, खारेजी वा व्यवस्थापन का लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

३. यस गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको नियमनको लागी कोपोमिस सम्बन्धी तालिम संचालनको लागी आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

४. सहकारी संस्थाका सदस्यहरुलाई वित्तिय साक्षरता सम्बन्धी क्रियाकलाप संचालनको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिका भित्र कुनैपनी व्यवसाय संचालन गर्न चहाने युवाहरुको लागी सरकार—सहकारी साझेदारी कार्यक्रम मार्फत सहज र सहुलियत पुर्ण रिण प्राप्तीको लागी आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाईनेछ ।

सम्मानित सभाका सदस्य ज्यूहरु,

जनभावनाको कदर गर्दै गाउँपालिकाको बिकास र सेवा प्रवाहमा अहोरात्र खटिने जिम्मेवारी र संकल्पका साथ हामी जननिर्वाचित प्रतिनिधिहरु एक आर्थिक वर्षको अन्तिममा रही अर्को आर्थिक बर्ष प्रारम्भ गर्ने तयारीमा छौं । गाउँपालिकाको सर्वाङ्गिण विकासको गहन जिम्मेबारी पूरा गर्न हामी सबैको अहम भूमिका रहन्छ । प्रभावकारी बिकास, सेवा प्रवाह र नियमनको लागि सबैको सार्थक, सकारात्मक र सृजनशील भूमिका अपरिहार्य छ । आगामी आर्थिक बर्ष २०८३/०८४ का लागी तर्जुमा गरिएका नीति तथा कार्यकमहरुको कार्यान्वयनवाट यस गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपर्ण योगदान पुग्नुका साथै आम गौरीशंकरबासी नागरिकहरुको सुख र सम्वृद्धिको उत्कट ईच्छा र चाहानामा टेवा पुग्ने अपेक्षा लिएको छु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा जनप्रतिनिधी, राजनैतिक दलहरु, नागरिक समाज, बुद्दिजिवी, सहकारी संस्थाहरु, विकास साझेदार, राष्ट्रसेवक कर्मचारी र आम संचार माध्यम लगायत सम्पूर्ण गौरीशंकरवासी नागरिकहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद

विश्वास कार्की

अध्यक्ष

गौरीशंकर गाउँपालिका